बुद्धशान्ति गाउँपालिका

बुद्धशान्ति राजपत्र

बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७	संख्याः ५	प्रकाशित मितिः २०८०।०४।०१
कार्यपालिकाबाट स्वीकृतः २०८०।०३।३१		

भाग - २

बुद्धशान्ति गाउँपालिका

सम्वत २०८० सालको कार्यविधि नं. ५

बुद्धशान्ति गाउँपालिकाको जग्गा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावनाः

बुद्धशान्ति गाउँपालिका भित्र रहेको भूमिको वर्गीकरण, सो को समुचित प्रयोग, प्रभावकारी व्यवस्थापन, अधिकतम र दिगो उत्पादकत्व प्राप्त गर्न यस गाउँपालिका क्षेत्रभित्रका सबै जग्गाहरु वर्गीकरण अनुसार उपयोग, उपभोग र उत्पादन प्रक्रियामा लगाउन कार्ययोजना तयार गर्दै विस्तृत भू-उपयोग योजना तर्जुमा गरि शहरी तथा वस्ती विकास योजना लाई कार्यान्वयन गर्ने र कृषिको लागि वर्गीकरणमा परेका

जग्गाहरुबाट अधिकतम उत्पादन गर्न भू-उपयोग ऐन, २०७६ को दफा ३३ ले दिएको अधिकार उपयोग गरी यो कार्यविधि तयार गरि लागु गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

क) यो कार्यविधिको नाम "बुद्धशान्ति गाउँपालिकाको जग्गा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८०" रहने छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) 'ऐन' भन्नाले भू-उपयोग ऐन, २०७६ लाई जनाउनेछ ।

ख) 'नियमावली' भन्नाले भू-उपयोग नियमावली, २०७९ लाई जनाउनेछ।

ग) 'गाउँपालिका' भन्नाले बुद्धशान्ति गाउँपालिकालाई जनाउनेछ ।

घ) 'अध्यक्ष' भन्नाले बुद्धशान्ति गाउँपालिकाको अध्यक्षलाई जनाउनेछ।

ङ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।

च) 'खुल्ला क्षेत्र' भन्नाले जग्गा विकास गरिने योजना क्षेत्रमा सार्वजनिक प्रयोजनका लागि छोडिने सडक र घडेरी भन्दा बाहेकको सार्वजनिक उपयोगको लागि तोकिएको मापदण्ड बमोजिमको क्षेत्रलाई जनाउनेछ ।

छ) 'जग्गा वर्गीकरण' भन्नाले भूपयोग नियमावली, २०७९ अनुसार बुद्धशान्ति गाउँपालिकाको भू-उपयोग परिषदले निर्णय गरि वर्गीकरण गरिएका जग्गाको क्षेत्रलाई जनाउनेछ ।

ज) 'सार्वजनिक बाटो' भन्नाले जग्गा विकास योजना भित्र रहेको सार्वजनिक बाटो, चलन चल्तीको बाटो र पहुँच मार्ग समेतलाई जनाउनेछ ।

परिच्छेद- २

जग्गाको क्षेत्रगत उपयोग तथा वर्गीकरण सम्बन्धी व्यवस्था

३. जग्गा वर्गीकरण गर्ने सम्बन्धी थप व्यवस्थाः

क. स्थानीय आवश्यकताको आधारमा भू-उपयोग परिषद्ले गरेको वर्गीकरणलाई आधारमानी वर्गीकृत क्षेत्रको आधारमा कित्ताकाट गरिनेछ । ५००० वर्ग मिटर वा सो भन्दा बढी क्षेत्रफल भएका जग्गाहरुको कित्ताकाट गर्दा आवास र व्यवसायिक क्षेत्रमा वर्गीकृत जग्गाहरुमा नेपाल सरकारमा दर्ता भएको कम्तीमा ६ मिटर चौडाईको बाटो कायम भएको हुनुपर्नेछ ।

ख. नापी कार्यालयले उपलब्ध गराएको कित्ता नापी नक्शामा केही कित्ता नम्बरहरु नबुझिने (जस्तै ९९९९ अथवा ० वा क्रममा नमिल्दो देखिन्छ । त्यस्ता कित्ताहरुलाई पनि हालको मापदण्ड अनुसार नै भू-उपयोग क्षेत्र वर्गीकरण गरिने छ । त्यस्ता कित्ताहरुको हकमा कुनैपनि जग्गा धनीले स-प्रमाण पेश गरेमा गाउँपालिकाले अद्यावधिक गरि सिफारिस दिनेछ र सोही समयमा त्यस्ता कित्ताहरुको परिमार्जन समेत गरिनेछ ।

ग. आवासीय र व्यावसायिक क्षेत्र अलग अलग भू-उपयोगमा भएका कित्ताहरु एकीकरण गर्नु परेमा प्राविधिक समितिको प्रतिवेदनका आधारमा स्थानिय भू-उपयोग परिषदले कित्ता एकीकरणको लागि सिफारिस गर्न सक्नेछ ।

४. कृषि, आवास तथा व्यवसायिक क्षेत्रको जग्गाको उपयोग उपभोग र नियमन सम्बन्धी व्यवस्था

१) आवास तथा व्यावसायिक क्षेत्रका सडकहरु स्तरोन्नति गर्न उपभोक्तासँग लागत सहभागिता कार्यक्रम सञ्चालन गर्ने।

२) शहरी उपभोग्य सुविधाहरू जस्तै बाटो, खानेपानी, ढल, बिजुली र सरसफाईका पूर्वाधार योजनाहरु सहभागितामूलक रुपमा निर्माण गर्ने ।

३) जग्गा विकास योजनाको लागि फर्म वा कम्पनीले एकमुष्ठ स्वीकृति प्रदान गर्दा सम्पत्ति करको मूल्याङ्कनको आधारमा ०.४ प्रतिशत शुल्क लिई सिफारिस गर्ने ।

४) व्यावसायिक र औद्योगिक क्षेत्रका जग्गाहरुमा बहाल कर, व्यवसायिक कर, सरसफाई शुल्कहरुलाई थप वैज्ञानिक र प्रभावकारी बनाउने ।

५) शहरी सुन्दरता, हरियाली र सुरक्षाका लागि विशेष प्याकेज कार्यक्रम सञ्चालन गर्ने ।

६) कित्ताकाट, स-सिम राजिनामा, नामसारी, बकसपत्र, अंसबण्डा, अदालतको फैसलाबाट भएको स्वामित्व परिवर्तनको अभिलेख अनिवार्य रुपमा स्वामित्व परिवर्तन भएको मितिले ३५ दिन भित्र

सम्बन्धित वडामा अध्यावधिक गर्नु पर्नेछ । उक्त कार्य तोकिएको समय सीमा भित्र नगराएमा रु २०० जरिवाना स्वरूप लिइनेछ ।

७) जग्गाको किसिम उल्लेख गर्नुपर्नेः- नयाँ नापी नभएको, नापी भएको हाल साविकको कार्य भइ रहेको वडाहरुमा भूउपयोग योजना लागु भए पश्चात अनिवार्य भू-उपयोग उल्लेख गरेर मात्र पूर्जा वितरण गर्नु पर्ने ।

८) आवासीय तथा व्यावसायिक लगायत गैर कृषि क्षेत्रमा बनेका घर जग्गा, टहरा लगायतका संरचना एकिन गरी घर बहाल करको दायरामा ल्याइनेछ ।

९) आवासीय तथा व्यावसायिक लगायत गैह्र कृषि क्षेत्रका घर जग्गालाई सम्पाति कर, व्यावसायिक कर, आय कर समेतलाई समायोजन गरी एकीकृत सम्पाति करको दायरामा ल्याइनेछ ।

१०) आवासीय तथा व्यावसायिक लगायत गैर कृषि क्षेत्रका जग्गामा पूर्वाधार विकास (प्लटिङ्ग) गरी विक्री गर्न चाहने कम्पनी वा व्यक्तिले अनिवार्य रूपमा गाउँपालिकाको अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ ।

११) आवासीय तथा व्यावसायिक लगायत गैह्र कृषि क्षेत्र भित्र आवास एवम् उद्योग व्यापार व्यावसाय सञ्चालन गर्दा अनिवार्य रूपमा भवन संहिता अनुरूप पुरानो घरको अभिलेखिकरण, नयाँ घर निर्माणका लागि नक्सा पास, निर्माण सम्पन्न प्रमाणपत्र र व्यावसाय दर्ता प्रकृयालाई अनिवार्य गरिनेछ ।

१२) गाउँपालिकाले तोकेको एक परिवारले राख्न पाउने घरबारीको क्षेत्रफल भन्दा बढी क्षेत्रफल राख्ने परिवारलाई तिर्नु पर्ने कर बाहेक

थप १० प्रतिशत एकीकृत सम्पति कर असुल गर्ने नीति लिइनेछ ।

१३) गाउँपालिका भित्र रहेका निजी, रैकर, घर जग्गाको भू-उपयोग क्षेत्र वर्गीकरका आधारमा एकीकृत न्यूनतम मुल्याङकन तयार गरी सोही अनुसार धितो मुल्याङकन र घर जग्गा सम्वन्धी कर निर्धारण गरिनेछ ।

१४) गाउँपालिका भित्रका मापदण्ड पुगेका बाटोहरुको लगत कट्टा गर्न आवश्यक व्यवस्था मिलाउने नीति लिइनेछ ।

१५) कुनै पनि सरकारी, अर्ध सरकारी संघ संस्था र निकायबाट सेवा लिन गाउँपालिका वा अन्तर्गतका वडा कार्यालयबाट गर्नु पर्ने कुनै पनि किसिमको सेवा वा सिफारिस लिँदा गाउँपालिकामा बुझाउनु पर्ने कर चुक्ता गरेको प्रमाण पत्रलाई अनिवार्य गरिनेछ।

१६) शहरी/वस्ती विकास योजना तर्जुमा गर्दा वा भौतिक संरचना निर्माण गर्दा भू-उपयोग योजना अनुकूल हुने गरी योजना तर्जुमा र निर्माण कार्य संचालन गरिनेछ ।

५. कृषि वर्गीकरण सम्बन्धी व्यवस्था

क) कृषक परिचय-पत्र उपलब्ध गराउन आवश्यक प्रक्रिया बढाइनेछ।

ख) कृषि बाली तथा कृषक स्वास्थ्य विमा सञ्चालन गरिनेछ ।

ग) विशेष बाली, बागवानी एवं पशु जन्य उत्पादन पाकेट क्षेत्र निर्धारण गरी व्यवसायीक पशुपालन, मौरी पालन, मत्स्य पालन जस्ता कृषि कार्यक्रममा प्रोत्साहित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

घ) कृषि तथा पशु जन्य उत्पादनको मूल्य र विक्री सुनिश्चितता, ढुवानी, कृषि बजार, कृषि उत्पादन भण्डारण, आधुनिक कृषि औजार, मल, बीउ, खरिद अनुदान उपलब्ध गराउने, उन्नत विउ बिजन, नर्सरी खेती प्रणालीको प्रचार प्रसारका लागि कृषि उत्पादन प्रदर्शन, उन्नत बीउ बिजनको किट वितरण जस्ता एकीकृत कृषि तथा पशु विकास कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ ।

ङ) वैंक तथा वित्तीय संस्थाहरूबाट कृषि व्यवसायका लागि जग्गाको धितो मूल्याङ्कनको ७५ प्रतिशत सम्म कृषि ऋण उपलब्ध गराउन आवश्यक समन्वय गरिनेछ ।

च) कृषि क्षेत्रमा घर बनाइ बसोबास गरिरहेका कृषकको घरबास स्थानान्तरण गर्न एकीकृत कृषक बस्ती विकास कार्यक्रम सञ्चालन गरी प्रोत्साहित गरिनेछ ।

छ) कृषि क्षेत्रमा कृषिका पूर्वाधारहरू विकास गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ ।

ज) कृषिको आधुनिकीकरण, यान्त्रीकरण, व्यवसायीकरण, सहकारी खेती, सामूहिक खेती तथा सार्वजनिक खेती गर्ने प्रयोजनका लागि सम्बन्धित जग्गा धनीको सहमतिमा साँध सिमा जोडिएको कित्ताको एकीकरण गरी ज्यामितीय आकार मिलाई, नक्सा स्रेस्तामा आवश्यक संशोधन गरी, जग्गा चकलाबन्दी कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

झ) कृषि क्षेत्रमा वर्गीकरण भएका जग्गाहरूको अधिकतम उपयोग गरेर उत्पादकत्व वृद्धि गर्न उपयोग विहीन, आंशिक उपयोग वा बाझो अवस्थामा रहेका व्यक्तिगत, ऐलानी, पर्ती, नदी उकास लगायतका

आवाद लायक जग्गाहरूको समुचित र सुनिश्चित उपयोग गर्न गराउन कार्यविधि तयार गरी बेरोजगार युवा लक्षित व्यावसायिक कृषि फार्मिङ्ग खेतीका लागि लगानी भित्र्याउन भूमि बैकको संचालन गरिनेछ ।

ञ) माटो परीक्षण गर्ने व्यवस्था मिलाइ सो अनुसारको बाली सिफारिस गरी व्यावसायिक कृषि उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

ट) कृषि क्षेत्रमा लाग्दै आएको करको दर अवलोकन गरी मालपोत लगायतका अन्य कर छुट गर्दै जाने नीति लिइनेछ ।

परिच्छेद- ३

जग्गा विकास योजना कार्यान्वयन र स्वीकृति

६. <u>जग्गा विकास योजना कार्यान्वयन गर्ने</u>

क) आवास र व्यावसायिक क्षेत्रमा रहेका जग्गाहरुमा बस्ती विकास गर्न सकिनेछ। जसका लागि जग्गा विकास योजना तयार गरि कार्यान्वयन गर्नुपर्नेछ ।

ख) जग्गा विकास योजना नियमानुसार स्थानीय, प्रदेश, संघ सरकारका निकायमा दर्ता भएका नाफामूलक संस्था/फर्म वा कम्पनीले मात्र गर्न सक्नेछ ।

ग) कानुन बमोजिम दर्ता भएका कारोबार गर्न इच्छुक कम्पनी/फर्मले जग्गाको कारोबार गर्न सक्नेछ । कम्पनीको विधानमा अनिवार्य जग्गा जमिन खरिद विक्रि सम्बन्धी उद्देश्य उल्लेख भएको हुनु पर्नेछ ।

घ) व्यक्तिको हकमा व्यक्तिको घरायसी कारोबारका लागि एक आर्थिक वर्षमा एक कित्ताबाट अधिकतम ४ वटा कित्ता काट गरि बढीमा ५ वटा घडेरी सम्म बिक्री वितरण गर्न सकिनेछ । तर यो कार्यविधि लागू हुनु भन्दा अगावै एकै कित्ताबाट ४ वा सो भन्दा बढी आधारभूत आवासिय मापदण्ड पुरा भई कित्ताकाट हुन बाँकी रहेका कित्ताहरुको विक्री गर्न एक पटकको लागि यो कार्यविधि लागु भए पछिको १ महिना भित्रमा वडा कार्यालय मार्फत भू-उपयोग परिषदमा उक्त विवरण उपलब्ध गराइ कारोबार गर्न बाधा पर्ने छैन । उपलब्ध गराई यस्तो जग्गाको कित्ताकाट तथा बिक्री गर्दा सडक, बिजुली, नाला, खानेपानी जस्ता आधारभूत पूर्वाधार समेतको व्यवस्था भएको हुनुपर्नेछ । तर अशंबण्डा र अदालतको फैसलाको प्रयोजनका लागि थप कित्ता काट्न सिफारिस गर्न सकिनेछ ।

ङ) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागु हुनु पूर्व नै प्लटिङ भई कित्ताकाट नभएको जग्गाको हकमा यस कार्यविधिमा भएको मापदण्ड अनुरुपको पूर्वाधार निर्माण नभएता पनि एकपटकको लागि बिक्री सिफारिस उपलब्ध गराउन बाधा पर्ने छैन ।यसरी प्लटिङ भई कित्ताकाट हुन बाँकी रहेको प्लटिङको विवरण यो कार्यविधि लागु भएको १ महिना भित्र वडा कार्यालय मार्फत भू उपयोग परिषदमा आवश्यक विवरण सहित उपलब्ध गराउनु पर्नेछ । यसरी जग्गा बिक्री गर्दा बाटोमा पर्ने जग्गा नेपाल सरकारको नाममा कायम गर्नु पर्नेछ ।

च) माथि जुनसुकै कुरा लेखिएको भएतापनि कित्ताको आकार वा क्षेत्रफल नमिल्दो समानको अर्को कित्ताबाट निश्चित क्षेत्रफल

समावेस गरि प्लट मिलान गर्न उपयुक्त देखिएमा सोको प्लट मिलानका लागि गाउँपालिकाको अमिनबाट फिल्ड प्रतिवेदनको आधारमा कित्ताकाट सिफारिस गरिने छ ।

छ) व्यावसायिक क्षेत्रमा वर्गीकृत भएका जग्गाहरुको कित्ताकाट, जग्गा बिक्री तथा राजश्वको दर आवासीय क्षेत्रमा वर्गीकृत जग्गा सरह हुनेछ ।

ज) गाउँपालिका आफैले जग्गा विकास सम्बन्धी आयोजना स्वीकृत गरि एकीकृत वस्ती विकासका लागि जग्गा प्राप्ती, पूर्वाधार निर्माण गर्ने, जग्गा एकीकरण गरि पुन खण्डीकरण गर्ने र जग्गा फिर्ता गर्ने सम्बन्धमा कित्ताकाटको व्यवस्था गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

झ) फर्म वा कम्पनीले जग्गा विकास योजना गर्दा देहायका मापदण्ड पालना गर्नुपर्नेछः

१) आवास वा व्यवसायिक क्षेत्रमा पर्ने जग्गाहरुमा मात्र विकास योजना गर्नु पर्नेछ ।

२) प्लटिङग तथा जग्गा विकास गर्ने जग्गाहरुको चारकिल्ला फिल्ड रेखाङ्कन गाउँपालिकाको अमिनबाट गराउनु पर्नेछ ।

३) जग्गा विकास योजना गर्दा ८ धुर भन्दा सानो कित्ता काट्न पाईने छैन। प्रत्येक कित्ताको मोहडा न्यूनतम ३० फुटको हुनुपर्नेछ । जग्गाहरुको चौडाई भन्दा लम्बाई ४ गुणा भन्दा बढी नहुने गरी कित्ताकाट गर्नुपर्नेछ।

४) जग्गा विकास गर्दा प्रस्तावित जग्गा विकास नक्सा बमोजिमको बाटो नेपाल सरकारमा चढाउनु पर्नेछ ।

५) जम्मा जग्गाको १० प्रतिशत खुला क्षेत्र राख्नु पर्नेछ। सबै घरमा पुग्न सकिने गरि न्यूनतम २० फिटको कालोपत्रे/व्लक सडक, बिजुली, ढल/नाला र खानेपानीको व्यवस्था भएको हुनुपर्नेछ ।

६) विद्युतको पोल प्रत्येक १०० फिट देखि १५० फिट वा ३ देखि ५ वटा प्लटको सिमानामा हुनुपर्नेछ।

७) स्थायी संरचना/घर निर्माण गर्दा भवन निर्माण मापदण्ड बमोजिम मात्र गर्न पाईनेछ ।

८) प्रस्तावित जग्गा विकास योजना स्विकृत लिए पश्चात संशोधन गर्नु परेमा प्राविधिक समितिको सिफारिसमा संशोधन गर्न सकिने र संशोधन भएको कित्ताको थप राजश्व बुझाउनु पर्नेछ। प्रस्तावित नक्सा बमोजिम कार्य गर्दै जाँदा सिमाना सम्बन्धि विवाद आएर संधियारको जग्गा नपुगेर प्रस्तावित नक्सा भन्दा फरक जग्गा विकास गर्नु परेमा प्राविधिक समितिको सिफारिसमा गर्न सकिनेछ।

९) जग्गा विकास योजनाको लागि कित्ताकाट गर्ने प्रयोजनाका लागि सम्बन्धित फर्म वा कम्पनीले देहायका कागजात पेश गर्नु पर्नेछ ।

क) जग्गाको कित्ताकाटको प्रस्तावित नक्सा (सडक, नाला, खुल्ला क्षेत्र खुल्ने गरी)

ख) कम्पनीको दर्ता नवीकरण

ग) चारकिल्ला फिल्ड रेखाङ्कन प्रतिवेदन

घ) जग्गा योजना (पूर्वाधार निर्माणको ल.ई.)

ङ) सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको Report

च) सम्बन्धित वडाको सिफारिस

छ) चार किल्ला (संधियारको हस्ताक्षर) प्रमाणित ५ विगाह भन्दा ठूलो योजनाको लागि IEE Report

७. <u>प्राविधिक समिति गठनः</u> १) जग्गा विकास योजना स्वीकृतिको लागि देहाय बमोजिमको एक प्राविधिक समिति हुनेछ।

क) संयोजकः- योजना शाखा प्रमुख

ख) सदस्य- प्रमुख प्रशासकीय अधिकृतले तोकेको ईञ्जिनियर १ जना

ग) सदस्यः- सर्वेक्षक/अमिन १ जना

घ) सदस्य सचिवः- घर नक्शा शाखा/उपशाखाको प्रमुख

२) फर्म वा कम्पनीले प्रस्ताव पेश गरेपछि प्राविधिक समितिले स्थलगत अध्ययन गरि प्रमुख प्रशासकीय अधिकृतलाई प्रतिवेदन दिनु पर्नेछ।

३) प्रमुख प्रशासकीय अधिकृतले प्राप्त प्रतिवेदनलाई कार्यपालिकामा पेश गर्ने र कार्यपालिकाले स्वीकृत गरेपछि जग्गा विकास योजनाका लागि सिफारिस गर्नु पर्नेछ ।

४) दफा ७ बमोजिम निवेदन प्राप्त भएको ३० दिन भित्र उक्त निवेदन माथिको कारबाही सम्पन्न गरि सक्नु पर्नेछ ।

परिच्छेद-४

विविध

८. <u>कर/गैरकर निर्धारणको आधारः-</u>

१) जग्गाको वर्गीकरण अनुसार व्यावसायिक, औद्योगिक, आवासीय तथा कृषि क्षेत्रको मूल्याङ्कनको आधारमा गाउँपालिकाले सम्पत्ति कर निर्धारण गर्नेछ ।

२) जग्गा वर्गीकरणको आधारमा गाउँपालिकाले लगाउने, अन्य कर शुल्कको दर तथा दायरा समेत निर्धारण गर्नेछ ।

९. <u>प्रचारप्रसार र छुटः-</u>

१) यस कार्यविधिमा उल्लेखित व्यवस्थाको सम्बन्धमा वडा तथा बस्ती स्तरसम्म गाउँपालिकाले प्रचारप्रसार गर्नुपर्नेछ । यसरी प्रचारप्रसार गरे पश्चात पनि कुनै कारणबस भू-उपयोग वर्गीकरणमा कित्ता नम्बर समावेश हुन छुट भएको खण्डमा वडाको सिफारिसको आधारमा वर्गीकरण गर्न वाधा पर्ने छैन ।

१०. <u>खारेजी तथा बचाउः-</u>

क) यस कार्यविधि लागू हुनुभन्दा अगाडि भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ख) यो कार्यविधि लागू हुनु भन्दा अघि कित्ताकाट भएका जग्गाहरुको हकमा ३० फिट मोहडा र ६ मिटरको बाटो नभएता पनि

बुद्धशान्ति गाउँपालिकाको भवन निर्माण तथा नक्सा पास मापदण्ड, २०७९ बमोजिम घर निर्माण गर्न बाधा पर्ने छैन ।

११. यस कार्यविधिमा उल्लेखित व्यवस्थाहरू सम्बन्धित सबैले कार्यान्वयन गर्नुपर्नेछ ।

१२. यस कार्यविधिमा उल्लेख नभएका विषयहरूको हकमा बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा रहने छ ।

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।३।३१
प्रमाणीकरण मितिः २०८०।०३।३१

आज्ञाले,
युवराज कट्टेल
प्रमुख प्रशासकीय अधिकृत